People's Power Ltd.

Regd.No.: 162590/073/074
**People's Power Limited**
Kamal Pokhari, Kathmandu,
Tel: 01-4437611

च. नं./प.सं. : ३०/०८०-८१

मिति : २०८०/१२/२२

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरवारप्लाजा, काठमाडौं ।

विषय : वार्षिक साधारणसभा तथा शेयर दाखिल खारेज बन्द गरिने सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा यस पिपुल्स पावर लिमिटेडको मति २०८०/१२/२० गते दिनको ३:०० बजे बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार यस पिपुल्स पवार लिमिटेडको आ.व. २०७८/७९ र २०७९/८० छैठौ र सातौ वार्षिक सधारणसभा निम्न मिति, स्थान र समयमा बस्ने भएको हुँदा तँहाको जानकारीको लागि सादर अनुरोध छ ।

**१. सभा हुने मिति ,समय र स्थान :**

मिति : वि.सं. २०८१/०१/१७ सोमबार ,( तदनुसार २९ अप्रिल २०२४)
स्थान : लिसारा व्याङ्क्वेट ,नक्साल , काठमाडौं ।
समय : विहान १०:०० बजे ।

२. **शेयर दाखिल खारेज सम्बन्धी विवरण**

वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८०/१२/२९ विहिबारका दिन यस कम्पनीको शेयर दर्ता पुस्तिका बन्द रहने छ । साथै शेयरधनी दर्ता पुस्तिका बन्द( Book Close) भएको मिति भन्दा अघिल्लो दिन सम्म नेपाल स्टक एकसचेञ्ज लिमिटेडमा भएको कारोबारबाट कायम भएको शेयरधनीले मात्र कम्पनीका वार्षिक साधारण सभामा भाग लिन सक्नेछन ।

नोट : वार्षिक साधारणसभा सम्बन्धी मिति २०८०/१२/२२ मा नयाँ प्रत्रिकामा प्रकाशित गरिएको सूचनाको प्रति यसै साथ संलग्न गरिएको छ ।

भवदीय,

People's Power Limited, Kamal Pokhari, Kathmandu

............................
भरत बहादुर खत्री
अध्यक्ष

**बोधार्थ :**

श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
श्री सिडिएस एण्ड क्लिरिङ्ग लि.,काठमाण्डौं ।
श्री विद्युत नियमन आयोग , सानोगौचरण , काठमाण्डौं ।
श्री प्रभु क्यापिटल लिमिटेड, कमलादि काठमाण्डौं ।

# छैठौ र सातौ साधारण सभा सम्बन्धि सूचना

(प्रथम पटक प्रकाशित मिति :२०८०/१२/२२ गते)

आदरणी शेयरधनी महानुभावहरु,

पिपुल्स पावर लिमिटेडको मिति २०८०/१२/२० गते मंगलवार बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार कम्पनीको छैठौ र सातौ वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरुमा छलफल तथा निर्णय गर्ने गरी बस्ने भएकोले कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**वार्षिक साधारण सभा हुने मिति, समय र स्थान**

**मिति :** २०८१/०१/१७ गते सोमबार (तदनुसार अप्रिल २९, २०२४)

**स्थान :** लिसारा बैङ्क्यौट हल, नक्साल, काठमाडौ ।

**समय :** विहान १०:०० बजे

**साधारण सभामा छलफल गरिने विषयहरु (एजेण्डा) :**

**क) सामान्य प्रस्ताव ।**

१) आ.व २०७८/०७९ र २०७९/०८० को सञ्चालक समितिको तर्फबाट पेश हुने अध्यक्षज्यूको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने सम्वन्धमा ।

२) लेखा परिक्षकको प्रतिवेदन सहितको आ.व. २०७८/०७९ र २०७९/०८० को वासलात, नाफा, नोक्सान हिसाब र नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरु छलफल गरी पारित गर्ने सम्वन्धमा ।

३) चालु आ.व. २०८०/८१ लागि सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम लेखा परिक्षकको नियूक्ति र निजको पारिश्रमिकनिर्धारण गर्ने सम्वन्धमा ।

४) संस्थापक समुहबाट १ जना महिला सहित ५ जना र सर्वसाधारण समुहबाट १ जना सञ्चालकको नियूक्ति/निर्वाचन गर्ने सम्वन्धमा ।

५) सञ्चालक समितिले प्रस्ताव गरेका मध्येबाट १ जना स्वतन्त्र सञ्चालकको नियुक्ति गर्ने सम्वन्धमा ।

६) संचालकहरुको बैठक भत्तातथा सुविधा निर्धारण सम्वन्धमा ।

७) संस्थागत सुसाशन सम्बन्धि प्रतिवेदन स्विकृत गर्ने ।

**ख) विशेष प्रस्ताव :**

१) हाल कायम रहेको चुक्ता पूँजीको आधारमा १ शेयर बराबर ०.५ का दरले (६३,२६,००० कित्ता शेयरको ५० प्रतिशत ३१,६३,००० कित्ता बाराबर) हकप्रद शेयर निष्काशनको लागि स्वीकृती प्रदान गर्ने सम्वन्धमा ।

२) हकप्रद शेयर वितरण पश्चात् कम्पनीको पूँजी वृद्धि हुने भएकाले सो प्रयोजनका लागि पूँजी बृद्धि गरी प्रबन्धपत्र तथा नियमावलीको सम्बन्धित दफाहरुमा संशोधन गर्ने सम्वन्धमा ।

३) हकप्रद शेयर जारी गर्दा अन्यआवश्यक कुरा फेरवदल गर्नुपर्ने भएमा सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्वन्धमा ।

४) कम्पनीको नियमावली तथा प्रवन्धपत्रमा हुने संसोधनमा कम्पनी रजिष्ट्रारको कार्यलय तथा नियामक निकायबाट आवश्यक थपघट वा परिमार्जन गर्न निर्देशन प्राप्त भएमा सो कार्यका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदानगर्ने सम्वन्धमा ।

**ग) विविध ।**

**संचालक समितिको आज्ञाले,**

कम्पनी सचिव

# वार्षिक साधारण सभा सम्बन्धी थप जानकारी

१. वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८०/१२/२९ बिहिवारका दिन यस कम्पनीको शेयर दर्ता पुस्तिका बन्द रहने छ । साथै शेयरधनी दर्ता पुस्तिका बन्द भएको मिति भन्दा अघिल्लो दिन सम्म नेपाल स्टक एकसचेञ्ज लिमिटेडमा भएको कारोबारबाट कायम भएको शेयरधनीले मात्र कम्पनीका वार्षिक साधारण सभामा भाग लिन सक्नेछन ।

२. वार्षिक साधारण सभामा भाग लिन आउनु हुने शेयरधनी महानुभावहरुले सभा कक्षमा प्रवेश गर्नको लागि अनिवार्य रुपले प्रवेशपत्र, आफ्नो परिचय खुल्ने आधिकारिक परिचयपत्र (जस्तै नागरिकता वा अन्य आधिकारिक परिचयपत्र) सहित शेयरधनी उपस्थित हुनु पर्नेछ ।

३. वार्षिक साधारण सभामा भाग लिन आउनु हुने शेयरधनी महानुभावले सभा स्थलमा उपस्थित भई त्यहाँ रहेको उपस्थिति पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । उपस्थिति पुस्तिका विहान ९:०० बजे देखि खुल्ला रहनेछ ।

४. सम्पूर्ण शेयरधनी महानुभावहरुलाई साधारण सभाको सूचना सहित वार्षिक प्रतिवेदन, आर्थिक विवरण, प्रोक्सी फारम र प्रवेश-पत्र पठाउने व्यवस्था मिलाईएको छ । कुनै कारणवश शेयरधनी महानुभावहरुले प्राप्त गर्न नसक्नु भएमा कम्पनीको कार्यालय, वालुटार, काठमाडौ तथा शेयर रजिष्ट्रार(प्रभु क्यापिटल लि.)को कार्यालय, कमलादि, काठमाडौवाट प्राप्तगर्न सकिनेछ ।

५. सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोसी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावले प्रतिनिधि (प्रोक्सी ) फारम सभा शुरु हुनु भन्दन कम्तीमा ४८ घण्टा अगावै कम्पनीको कार्यालय, वालुवाटार, काठमाडौमा बुझाई सक्नुपर्नेछ । एक जना शेयरधनीले एक जनाभन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सक्ने छैन । एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेको पाइएमा सबैभन्दा पहिला दर्ता भएको प्रतिनिधि (प्रोक्सी) मात्र मान्य हुनेछ । प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बन्धीत शेयरधनी स्वयम् उपस्थित हुन आएमा शेयरधनीले गरिदिएको प्रतिनिधि पत्र (प्रोक्सी) स्वत : बदर हुनेछ ।

६. कम्पनीको संस्थापक शेयरधनीबाट १ जनामहिला संचालक सहित ५ जना र सर्वसाधारण शेयरधनीहरुका तर्फबाट १ जना सञ्चालक साथै सञ्चालक समितिले प्रस्ताव गरेका नामवाट स्वतन्त्र संचालक १ को नियुक्ति(निर्वाचन) कार्यक्रम सम्बन्धि सूचना साधारण सभाहुनु भन्दा कम्तिमा ७ दिन अगावै कम्पनीको सूचना पाटीमा टाँस गरिने छ ।

७. साधारण सभा एवं संचालक निर्वाचन सम्बन्धी अन्य जानकारी आवश्यक परेमा कम्पनीको कार्यालय वालुवाटार काठमाडौमा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ ।

People's Power Ltd.
पिपुल्स पावर लि.
Email: peoplespowerltd@gmail.com

**केन्द्रिय कार्यालय:** का.म.न.पा.-२
वालुवाटार काठमाडौं
**फोन नं.** ०१-४५३७५४४